नेपाल राष्ट्र बैंक

# आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीति तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमको लागि तयार गरिएको प्रस्तुती

प्रस्तुतकर्ता:
**नरबहादुर थापा**
(कार्यकारी निर्देशक)

**नेपाल राष्ट्र बैंक**
**अनुसन्धान विभाग**

असार १६ २०७३

1

## विषयवस्तु

- मौद्रिक नीति तर्जुमा सम्बन्धि व्यवस्था
- मौद्रिक नीति संरचनाका आधारभूत पक्ष
- मौद्रिक नीति व्यवस्थापनका विविधपक्षहरु
- अन्तर्राष्ट्रिय आर्थिक पृष्ठभूमि
- नेपाली अर्थतन्त्रमा हाल देखिएका केही चासोका विषयहरु
- अन्तरक्रिया कार्यक्रमको अपेक्षा

2

## मौद्रिक नीति तर्जुमा सम्बन्धि व्यवस्था

- मौद्रिक नीति कार्यान्वयनको ५ दशक (२०२३ देखि) पुरा भएको ।
- नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले प्रत्येक वर्ष सार्वजनिक जानकारीका लागि मौद्रिक नीतिको तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको ।
- ऐनमा व्यवस्था भए बमोजिम राष्ट्र बैंकले आर्थिक वर्ष २०५९/६० देखि मौद्रिक नीतिको तर्जुमा गरी सार्वजनिक गर्दै आएको ।
- हालसम्म राष्ट्र बैंकले १४ वटा वार्षिक मौद्रिक नीति सार्वजनिक गरिसकेको । सोही व्यवस्था अनुसार राष्ट्र बैंकले आ.व. २०७३/७४ को लागि मौद्रिक नीति तर्जुमाको कार्य गरिरहेको ।
- मौद्रिक नीति तर्जुमाको लागि सरोकारवालाहरुसँग लिखित रुपमा र अन्तरक्रिया कार्यक्रम आयोजना गरी राय सुझाव लिने गरेको ।

3

## मौद्रिक नीति तर्जुमा सम्बन्धि व्यवस्था

नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ९४ मा बैंकले प्रत्येक वर्ष मौद्रिक नीति सम्बन्धी प्रतिवेदन सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नेछ र यसरी प्रकाशन गरिने प्रतिवेदनमा देहायको कुराहरु समावेश हुनुपर्ने उल्लेख छ ।

क) बैंकले अघिल्लो वर्ष अवलम्बन तथा लागु गरेको मौद्रिक नीतिको सिंहावलोकन र मूल्याङ्कन, र

ख) बैंकले आगामी वर्ष अवलम्बन तथा लागू गर्ने मौद्रिक नीतिको औचित्य र सो को विवेचना ।

4

## मौद्रिक नीति संरचनाका आधारभूत पक्षहरु

- उदेश्यः बहुउदेश्यः
  - (क) मूल्य स्थिरता
  - (ख) बाह्य क्षेत्र स्थायित्व
  - (ग) वित्तीय क्षेत्र स्थायित्व र
  - (घ) उच्च आर्थिक वृद्धिका लागि आवश्यक पर्ने तरलताको व्यवस्था ।
- मौद्रिक नीतिको अंकुशः स्थिर विनिमयदर प्रणाली ।
- अन्तरिम लक्ष्यः विस्तृत मुद्रा प्रदाय ।
- संचालन लक्ष्यः तोकिएका काउण्टरपार्टीहरुको अधिक तरलता ।
- मौद्रिक नीतिका छानिएका काउण्टरपार्टीहरुः "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु ।
- प्रमुख मौद्रिक औजारः खुला बजार कारोबार ।
- अन्य उपकरणहरुः अनिवार्य नगद मौज्दात, बैंक दर, निक्षेप बोलकबोल र नेपाल राष्ट्र बैंक ऋणपत्र ।

5

## Macro-Financial Framework मा आधारित मौद्रिक व्यवस्थापनका विविध पक्ष

- मुद्रा प्रदायको लक्ष्य निर्धारण
- तरलता तथा ब्याजदर व्यवस्थापन
- समष्टिगत विवेकशील नियमनको व्यवस्थापन
- मौद्रिक प्रसारणको प्रभावकारिता बढाउन वित्तीय सुधार, नियमन, सुपरिवेक्षणमा जोड ।

6

## मौद्रिक व्यवस्थापनका विविध पक्ष

- कर्जा कार्यक्रमहरु

(क) उत्पादनशील कर्जा: कुल कर्जाको २० प्रतिशत

➢ वाणिज्य बैंकहरुले कृषि र उर्जामा १२ प्रतिशत क्षेत्रमा प्रवाह गर्नुपर्ने ।

➢ विकास बैंक तथा वित्त कम्पनीले कुल कर्जाको क्रमश: १५ प्रतिशत र १० प्रतिशत उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने ।

(ख) लघुवित्त-विपन्नवर्ग कर्जा अनुपात:

➢ वाणिज्य बैंकको लागि ५ प्रतिशत, विकास बैंकको लागि ४.५ प्रतिशत र वित्त कम्पनीहरुको लागि ४ प्रतिशत ।

**पुनरकर्जा सुविधा**

| पुनरकर्जा | राष्ट्र बैंकले उपलब्ध गर्ने दर | बैंकहरुले ऋणीबाट लिने ब्याजदरको सीमा |
|---|---|---|
| साधारण पुनरकर्जा | ४ % | ९% |
| विशेष पुनरकर्जा (निर्याततर्फ समेत) | १ % | ४.५% |
| भूकम्पपीडित पुनरकर्जा | ० % | २% |



## अन्तर्राष्ट्रिय आर्थिक पृष्ठभूमि

- विश्व अर्थतन्त्रको वृद्धिदर न्यून रहेको । २०१५ मा विश्व अर्थतन्त्रको वृद्धिदर ३.१ प्रतिशत रहेको र सन् २०१६ मा ३.२ प्रतिशत हुने प्रक्षेपण ।
- विकासशील तथा उदीयमान अर्थतन्त्रहरुको वृद्धिदरमा समेत गिरावट आएको (भारत बाहेक) ।
- अन्तर्राष्ट्रिय बजारमा प्रट्रोलियम पदार्थ, धातु लगायत अन्तर्राष्ट्रिय वस्तुहरुको मूल्य न्यून रहेको ।
- अन्तर्राष्ट्रिय वित्त बजार र ब्रेक्जिट
- विश्वमा मौद्रिक नीतिको कार्यदिशा:

➢ अमेरिका : कसिलोतर्फ

➢ युरोप, जापान : लचिलो

➢ भारत लचिलो उन्मुख ।

## नेपाली अर्थतन्त्रमा हाल देखिएका केही चासोका विषयहरु (Major Concerns)

- न्यून आर्थिक वृद्धि : पूर्वाधार, उर्जा क्षेत्र, बजेटको कार्यान्वयनमा निर्भर ।
- उपभोग, बचत तथा लगानीको अवस्था: कुल उपभोग ९४.७ प्रतिशत ।
- आन्तरिक वित्तीय साधनहरुको उपयोग: कुल राष्ट्रिय बचत/जिडिपी अनुपात ४२.९ प्रतिशत, आन्तरिक वित्तीय साधनको अभाव नभएको संकेत, अधिक तरलताको स्थिति ।
- नेपाल सरकारको बजेट र सो को समष्टिगत प्रभाव ।
- मूल्यमा चाप : संरचनात्मक एवम् मागजन्य तत्वहरु ।
- वैदेशिक रोजगारी तथा विप्रेषणको घट्दो अवस्था ।
- ब्यापार घाटा: जिडिपीमा ब्यापार घाटाको अनुपात ३२.५ प्रतिशत ।
- वित्तीय बजारमा देखिएको उतारचढाव ।
- उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह ।
- लघुवित्त : संख्या, मुनाफा, ब्याजदर, पँहुच ।

9

## अन्तरक्रिया कार्यक्रमको अपेक्षा/राय-सुझावको दायरा

- मौद्रिक नीतिको कार्यदिशा के हुने: खुकुलो/कसिलो ?
- बजेट र मौद्रिक नीतिबीच समन्वय कसरी बढाउने ?
- तरलता व्यवस्थापनका संभावित उपायहरु ?
- ब्याजदर व्यवस्थापनका उपायहरु ?
- कर्जाको क्षेत्रगत बाडफाड: उत्पादनशील क्षेत्रमा कसरी बढाउने ?
- लघुकर्जा कार्यक्रम के हुने, कसरी प्रभावकारी बनाउने ?
- वित्तीय क्षेत्र सुधार कसरी गर्ने?
- वित्तीय क्षेत्र नियमन तथा सुपरिवेक्षणको सम्बन्धमा के गर्न सकिन्छ ?
- वित्तीय क्षेत्रमा देखिने उतारचढाव कसरी व्यवस्थापन गर्ने?
- वित्तीय क्षेत्रको रेजिलियन्सी कसरी बढाउने ?
- विदेशी विनिमयको उपयोग, उद्यम-व्यवसायका लागि कसरी प्रभावकारी बनाउने ?

10

Nepal Rastra Bank

# धन्यवाद !

11